प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

# एक बिषय मौका परीक्षाको आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

(मिति २०८०।१२।१८ गते प्रकाशित)

यस परिषद् अन्तर्गत संचालित बार्षिक परीक्षा प्रणाली तर्फ डिप्लोमा तथा प्रमाणपत्र तहका सम्पुर्ण कार्यक्रमहरुको र प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम समेतका लागि यो सूचना प्रकाशित भएको मितिसम्म प्रथम र दोश्रो बर्ष उत्तीर्ण भई तेश्रो बर्षको नियमित तर्फको नतिजामा कुनै एक बिषय मात्र अनुत्तीर्ण भएका परीक्षार्थीहरुको लागि परीक्षा सम्वन्धी बिनियमावली, २०७१ बमोजिम सैद्धान्तिक एक विषयको मौका परीक्षा २०८१ साल **बैशाख** महिनामा संचालन हुने हुंदा सम्बन्धित परीक्षार्थीहरुले २०८० साल चैत्र ३० गते भित्र नियमित शुल्क र २०८१ साल बैशाख ०७ गते भित्र बिलम्ब शुल्कमा सम्वन्धित शिक्षालयहरुमा परीक्षा आवेदन फाराम भरी बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षालयका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. शिक्षालयले एक विषयको आंशिक परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम ITMS Online मा आफनो User बाट Login गरी परीक्षा आवेदन फाराम Print गरी परिक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।

२. परीक्षा आवेदन फाराम शुल्क वापत रु. ३००।- बुझाउनु पर्नेछ ।

३. सम्वन्धित शिक्षालयहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम मिति २०८१।०१।०२ गते नियमित शुल्क र मिति २०८१।०१।०९ गते भित्र बिलम्ब शुल्कको रकम अनिवार्य रुपमा सम्वन्धित परिषद, प्रदेश कार्यालयको बैंक खातामा बुझाउनु पर्नेछ ।

४. बार्षिक परीक्षा प्रणाली अन्तर्गत तेश्रो वर्षको नियमित परीक्षामा कुनै एक बिषयमा अनुत्तीर्ण भएका नियमित परीक्षार्थीहरुले मात्र उक्त आवेदन फाराम भर्न पाउने छन र उक्त नियमित परीक्षाको Result Sheet को प्रतिलिपी अनिवार्य रुपमा आवेदन फारामसाथ संलग्न गर्नु पर्नेछ ।

५. २०७७ साल (सन २०२०) मा रजिष्ट्रेशन कायम भई २०८० साल मंसिर महिनामा संचालन भएको तेश्रो बर्षको परीक्षाको नतिजामा एक विषयमा मात्र अनुत्तीर्ण परीक्षार्थीहरुले एक विषय मौका परीक्षाको आवेदन फाराम भर्न पाउने छन । आवेदन फाराम साथ प्रथम र दोश्रो वर्ष उत्तीर्ण गरेको लब्धांक पत्र (Mark Sheet) वा Ledger को प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । यदि बार्षिक परीक्षा प्रणाली तर्फ प्रथम र दोश्रो वर्ष अनुत्तीर्ण परीक्षार्थीहरुले उक्त परीक्षाको आवेदन फाराम भरी परीक्षा दिएमा उक्त परीक्षा स्वतः रद्द हुनेछ ।

६. आवेदन फाराम परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरुमा सम्बन्धित शिक्षालय मार्फत बुझाउनु पर्नेछ ।

७. प्रवेश पत्र विना परीक्षामा सामेल गराइने छैन । अतः सम्वन्धित शिक्षालयले प्रवेश पत्र तोकिएको समय भित्र बुझिलिनु पर्नेछ ।

८. परीक्षा सञ्चालन हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिने छ ।

९. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले नियमित शुल्कको परीक्षा आवेदन फाराम मिति २०८०।१२।३० गते कार्यालय समय भित्र र बिलम्ब शुल्कको मिति २०८१।०१।०७ गते कार्यालय समय भित्र Web Based Online System मा शिक्षालयले Entry गरिसक्नुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**